**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :०५ संख्या :०३ मितिः २०७९/०७/१८

## भाग २

## धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

## धवलागिरि गाउँपालिकाको

## लोक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**कार्यपालिका बाट स्वीकृत मिति:२०७९/०७/१८**

**राजपत्रमा प्रकाशित मिति :२०८०/०१/२८**

# लोक सेवा/शिक्षक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:**

धवलागिरी गाँउपालिका भित्रका शैक्षिक बेरोजगार जनशक्तिहरुलाई लोकसेवा आयोग र शिक्षक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षाहरुमा सहभागी भई प्रतिस्पर्धा गर्नको लागि उत्प्रेरणा प्रदान गर्नको लागि वाञ्छनीय भएकोले तोकिए बमोजिम खर्चको मापदण्ड अन्तर्गत रही लोकसेवा आयोगका तयारी कक्षा सञ्चालन गर्नको लागि धवलागिरी गाँउपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

**१. सक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम"लोक सेवा/शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि,2079" रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा र व्याख्या:**

(क) "लोक सेवा आयोग" भन्नाले संविधानको भाग २३ बमोजिमको लोक सेवा आयोग सम्झनुपर्छ।

(ख) "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा संघीय कानून बमोजिम स्थापित वा सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ।

**३. उद्देश्य:** लोक सेवा आयोग तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्:

(क) धवलागिरी गाँउपालिका भित्रका शैक्षिक बेरोजगार जनशक्तिहरुलाई लोकसेवा/शिक्षक सेवा तयारी गर्न उत्प्रेरित गर्न।

(ख) प्राविधिक एवम अप्राविधिक पदको लागि तयारी कक्षा सञ्चालन गरी लोक सेवा आयोग तयारी मार्फत वैदेशिक रोजगार प्रतिको आकर्षण कम गर्न।

(ग) यस क्षेत्रका जनशक्तिहरुको क्षमता विकास गर्न।

(घ) प्रतिभा पलायन हुनबाट जोगाउन।

(ङ) लोक सेवा/शिक्षक सेवा आयोगका परीक्षाहरुमा सहभागिता वृद्धि गर्न आदि।

**४. लोकसेवा/शिक्षक सेवा तयारी कक्षा सञ्चालन:** लोक सेवा/शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम देहाय बमोजिमका विषयमा तयारी कक्षा सञ्चालन गर्नुपर्नेछ:

(क) लोक सेवा आयोगका प्राविधिक/अप्राविधिक तर्फको प्रथम पत्र पत्रको तयारी कक्षाहरु।

(ख) शिक्षक सेवा आयोग तर्फको प्रथम पत्र र द्वितीय पत्रको तयारी कक्षाहरु ।

(ग) लोक सेवा आयोगले सञ्चालन गर्ने प्राविधिक/अप्राविधिक तर्फको द्वितीय पत्रको तयारी कक्षाहरु।

(घ) लोकसेवा आयोगले सञ्चालन गर्ने संस्थान तर्फको विभिन्न चरणको परीक्षाहरुको तयारी कक्षाहरु।

५. **प्रशिक्षकहरुको छनौट :** दफा ३ को खण्ड (क), (ख) र (ग) बमोजिम तयारी कक्षा सञ्चालन गर्नको लागि सम्भव भएसम्म गाँउपालिकाको विभिन्न कार्यालय वा निकायमा कार्यरत जनशक्ति व्यवस्थापन गरी तयारी कक्षाहरु सञ्चालन गरिनेछ ।

६. **प्रशिक्षार्थीहरुको व्यवस्थापन :** लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्नको लागि प्रशिक्षार्थीहरुलाई देहाय बमोजिम सेवा सुविधा सहित प्रशिक्षण गराइनेछ:

(क) प्रशिक्षार्थीहरुलाई दैनिक भत्ता उपलब्ध नगराई आवासीय व्यवस्था सहित प्रशिक्षण गराइनेछ ।

(ख) स्टेशनरी सामग्रीहरु उपलब्ध गराइनेछ ।

(ग) पाठ्यपुस्तक विनियोजित बजेटको अधिनमा रही उपलब्ध गराउन सकिनेछ ।

(घ) अन्य सेवा सुविधाहरु बजेटको परिधिभित्र रही नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

७. **तयारी कक्षा सञ्चालनको अवधि:** लोक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धी कार्यविधि २०७९ बमोजिम प्रशिक्षार्थीहरुको सहभागिताको आधारमा विनियोजित बजेटको परिधिभित्र रही तयारी कक्षा सञ्चालनको अवधि निर्धारण गर्न सकिनेछ।

८. **कक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्थाहरु:** लोकसेवा/शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्दा देहाय बमोजिम हुनेछ:

(क) प्रथम पत्रका सबै सेवा कक्षाहरु एकीकृत रुपमा सञ्चालन हुनेछन्।

(ख) लोक सेवा/शिक्षक सेवा आयोगका द्वितीय चरणका परीक्षाको तयारी कक्षाहरु विषयगत रुपमा छुट्टाछुट्टै सञ्चालन हुनेछन्।

(ग) संस्थान तर्फका द्वितीय चरणका परीक्षाका तयारी कक्षाहरु छुट्टाछुट्टै सञ्चालन हुनेछन् ।

९. **परीक्षा सञ्चालन:** तयारी कक्षाहरु सञ्चालन भए पश्चात नमुना परीक्षाहरु मासिक रुपमा सञ्चालन गरिनेछ ।

१०. **प्रशिक्षार्थीको न्यूनतम योग्यता:** प्रशिक्षार्थीको लागि तयारी कक्षामा सहभागी हुनको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ:

**(क)** धवलागिरी गाँउपालिका भित्रको स्थायी बासिन्दा हुनु पर्नेछ

**(ख)**मान्यता प्राप्त शिक्षण संस्थाहरुबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको एवम लोक सेवा आयोगले निर्धारण गरे बमोजिमको प्राप्ताङ्क प्राप्त गरेको ।

**(ग)** परीक्षामा सहभागि हुन पाउने उमेर हद ननाघेको ।

११. **प्रशिक्षार्थीले सहभागी हुन फाराम भर्नुपर्ने:** तयारी कक्षामा सहभागी हुनको लागि प्रशिक्षार्थीले गाँउपालिकाले तोकेको अनुसूची 1 बमोजिमको ढाँचामा सूचना प्रकाशन भएपश्चात सूचनाको आधारमा फाराम भरी गाँउपालिकाको कार्यालयमा बुझाउनुपर्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकार**: यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाँउ कार्यपालिकाको हुनेछ ।

## अनुसूची १

(कार्यविधिको दफा ११ सँग सम्बन्धित)

## लोक सेवा/शिक्षक सेवा तयारी कक्षामा सहभागी हुने फाराम

प्रशिक्षार्थीको नाम:

जन्म मिति:

नागरिकता नं.:

नागरिकता जारी मिति:

शैक्षिक योग्यता:

| क्र.सं. | उत्तीर्ण गरेको कक्षा | उत्तीर्ण गरेको साल | प्राप्ताङ्क |
|---|---|---|---|
| | | | |
| | | | |

**आज्ञाले**

**ध्रुव रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**